"मीठे बच्चे– यस समयमा वृद्ध , बच्चा , जवान सबैको वानप्रस्थ अवस्था छ किनकि सबैलाई वाणीदेखि पर मुक्तिधाम जानु छ। तिमीले सबैलाई घरको मार्ग बताऊ।"

प्रश्नः– बाबाको श्रीमत हर बच्चाहरूप्रति अलग-अलग छ, समान छैन– किन?

उत्तरः– किनकि बाबाले हर बच्चाको अवस्था हेरेर, परिस्थिति हेरेर श्रीमत दिनुहुन्छ। मानौं कोही निर्बन्धन छ। वृद्ध छ या कुमारी छ, सर्भिस लायक छ भने बाबा सल्लाह दिनुहुन्छ– यस सेवामा पूरा लाग। बाँकी सबैलाई त यहाँ बसाउनुहुन्न। जसप्रति बाबाको जुन श्रीमत मिल्छ, त्यसमा कल्याण छ। जसरी मम्मा बाबाले शिवबाबाबाट वर्सा लिनुहुन्छ, त्यसैगरी अनुसरण गरेर उहाँले जस्तै सेवा गरेर वर्सा लिनु छ।

गीतः– भोलेनाथ से निराला...

ओम् शान्ति। मीठे-मीठे सिकीलधे बच्चाहरूले गीत सुन्यौ। शिवलाई भोलानाथ भनिन्छ। यो जुन डमरू बजाउँछन्, उनलाई शंकर भनिदिन्छन्। यहाँ कति आश्रम छन्, जहाँ वेद, शास्त्र, उपनिषद् आदि सुनाउँछन्, यो पनि मानौं डमरू बजाउँछन्। कति आश्रम छन् जहाँ मनुष्य गएर रहन्छन् पनि। तर लक्ष्य-उद्देश्य केही पनि छैन। सम्झन्छन्– गुरुले हामीलाई वाणीदेखि टाढा शान्तिधाम लैजानुहुन्छ। यस विचारले गएर त्यहाँ रहन्छन्– यहाँ नै प्राण त्यागौं, तर फर्केर त कोही पनि जान सक्दैन। उनीहरूले त आ-आफ्नो भक्ति आदि सिकाउँछन्। यहाँ त बच्चाहरूलाई थाहा छ– यो सच्चा-सच्चा वानप्रस्थ हो। बच्चा, वृद्ध, जवान सबै वानप्रस्थी हुन्। बाँकी मुक्तिधाममा जानको लागि पुरुषार्थ गराइरहेको छु। यस्तो अन्त कहीं हुँदैन, जसले सद्गति अथवा वाणीदेखि टाढा जाने बाटो बताउँछ। गति सद्गतिदाता एउटै हुनुहुन्छ। बाबाले यस्तो भन्न सक्नुहुन्न– गृहस्थ व्यवहारलाई छोडेर यहाँ आएर बस। हो, जो सर्भिस लायक छ, उसलाई राख्न सकिन्छ। अरूलाई पनि वानप्रस्थको बाटो बताउनु छ किनकि अहिले सबैको वाणीदेखि टाढा जाने समय हो। वानप्रस्थ अथवा मुक्तिधाममा लिएर जाने एउटै बाबा हुनुहुन्छ। उहाँ बाबाको पासमा तिमी बसेका छौ। हुन त उनीहरूले वानप्रस्थ लिन्छन् तर फर्केर त कोही पनि जान सक्दैन। वानप्रस्थमा लैजाने एक बाबा हुनुहुन्छ, उहाँले नै राम्रो मत दिनुहुन्छ। कसैले भन्दछन्– बाबा हामी घर परिवार सहित यहाँ आएर बसौं। होइन, हेर्नेछु यो सेवा लायक छ वा छैन। कोही बन्धनमुक्त छ, बुजुर्ग छ, सेवाधारी छ भने उसलाई श्रीमत दिइन्छ। जस्तै बच्चाहरूले भन्छन्– सेमिनार गरियो भने सेवाका युक्तिहरू सिकिन्छ। कन्याहरूको साथ-साथै माताहरूले, पुरुषले पनि सिक्दै जान्छन्। सेमिनार त यो हो नि। बाबाले दिनहुँ शिक्षा दिइरहनुहुन्छ– कसरी कसलाई बुझाउनु पर्छ। राय दिइरहनुहुन्छ। पहिला त एउटै कुरा सम्झाऊ। परमपिता परमात्मा जसलाई याद गरिन्छ, उहाँ हाम्रो को हुनुहुन्छ? यदि पिता भए त पितासँग त वर्सा मिल्नुपर्छ। हजुरले त बाबालाई चिन्नु भएको छैन! भनिदिन्छन्– सबैमा भगवान हुनुहुन्छ। कण-कणमा भगवान हुनुहुन्छ फेरि उनको के हालत होला! अहिले तिमी बच्चाहरूलाई थाहा छ– हामी बाबाको सम्मुख बसेका छौं। बाबाले हामीलाई लायक बनाएर, काँडाबाट फूल बनाएर साथमा लैजानुहुन्छ। बाँकी अरू सबैले त जंगलको नै बाटो बताउँछन्। बाबाले त कति सहज बाटो बताउनुहुन्छ। सेकेण्डमा जीवनमुक्ति गायन गरिएको छ। त्यो झुटो कहाँ छ र। बाबा भन्यौ मतलब तिमी जीवनमुक्त भयौ। बाबाले पहिला सुरुमा आफ्नो घर लैजानुहुन्छ। तिमीहरू सबैले आफ्नो घरलाई बिर्सिएका छौ नि। भन्छन्– परमपिताले सबै सन्देश बाहकहरूलाई पठाउनुहुन्छ– धर्म स्थापना गर्न, फेरि सर्वव्यापी किन भन्छन्? माथिबाट पठाइदिनु हुन्छ नि। भन्दछन्– उहाँ एक हुनुहुन्छ, फेरि पनि मान्दैनन्। बाबाले धर्म स्थापना अर्थ पठाइदिनुहुन्छ अनि उनको संस्था पनि उनको पछाडि आउन थाल्छन्। पहिला सुरुमा हुन्छ देवी–देवताहरूको संस्था। पहिला सुरुमा आदि सनातन देवी-देवता धर्मका लक्ष्मी-नारायण आउँछन्– आफ्ना प्रजा सहित। अरू कुनै प्रजा सहित आउँदैनन्। उनी एक्लै आउँछन् फेरि दोस्रो, तेस्रो आउँछन्। यहाँ तिमीहरू सबै तयार भइरहेको छौ, बाबासँग वर्सा लिन। यो विद्यालय हो। घरमा रहेर एक घडी, आधा घडी... आधाको पनि आधा घडी। एक सेकेण्डमा तिमीले केवल बताउनुपर्छ– परमपिता परमात्मासँग तपाईंको के सम्बन्ध छ। मुखबाटभन्दछन् पनि परमपिता... उहाँ त सबका पिता, रचयिता हुनुहुन्छ फेरि पनि पिता मान्दैनन् भने के भन्ने! पिता स्वर्गका रचयिता हुनुहुन्छ भने अवश्य स्वर्गको बादशाही दिनुहुन्छ। दिनु भएको थियो नि। नरबाट नारायण बनाउने

राजयोग प्रसिद्ध छ। यो सत्य नारायणको कथा पनि हो। अमरकथा पनि हो, तीजरीको अर्थात् तेस्रो नेत्र मिल्ने कथा पनि हो। तिमी बच्चाहरूलाई थाहा छ– बाबाले हामीलाई वर्सा दिइरहनु भएको छ। बाबाले श्रीमत दिनुहुन्छ। उहाँको मतद्वारा अवश्य कल्याण नै हुन्छ। बाबाले हरेकको अवस्था हेर्नुहुन्छ– यसको कुनै बन्धन त छैन! सेवा पनि गर्न सक्छ! बाबा लायक छ भने हेरेर फेरि डाइरेक्शन दिनुहुन्छ। परिस्थिति हेरेर भन्नुहुन्छ– तिमी यहाँ रहन सक्छौ, सेवा पनि गर्दै गर। जहाँ-जहाँ आवश्यक पर्छ, प्रदर्शनीमा त धेरैको आवश्यकता पर्छ। बुजुर्ग पनि चाहिन्छ, कन्याहरू पनि चाहिन्छ। सबैलाई शिक्षा मिलिरहन्छ। यो हो पढाइ। भगवानुवाच, भगवान भनिन्छ निराकारलाई। तिमी आत्माहरू उहाँका बच्चा हौ।भन्दछन्– हे परमपिता परमात्मा, त्यसैले उहाँलाई फेरि सर्वव्यापी कहाँ भन्न सकिन्छ र! लौकिक पिता सर्वव्यापी हुन्छन् र! हुँदैनन्, तिमीले पिता भन्छौ र गायन पनि गर्छौ– पतित-पावन बाबा हुनुहुन्छ। त्यसैले अवश्य यहाँ आएर पावन बनाउनुहुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– हामी पतितबाट पावन बनिरहेका छौं।

बाबा भन्नुहुन्छ– मसँग ५ हजार वर्षपछि फेरि आएर मिलेका बच्चाहरू। तिमी फेरि वर्सा लिन आएका छौ। जान्दछौ– राजधानी स्थापना भइरहेको छ। जसरी मम्मा बाबाले शिवबाबासँग वर्सा लिनुहुन्छ, हामीले पनि उहाँबाट लिनु छ, अनुसरण गर्नु छ। मम्मा बाबाले जस्तै सेवा पनि गर्नु छ। मम्मा बाबाले नरबाट नारायण बनाउने कथा सुनाउँछन्। हामीले फेरि कम किन सुन्ने। जान्दछौ– उहाँहरू सूर्यवंशी फेरि चन्द्रवंशी पनि बन्नुहुन्छ। पहिला त सूर्यवंशीमा जानुपर्छ नि। बुझेका त छौ नि। नबुझी स्कुलमा कोही पनि बस्न सक्दैन। बाबाले श्रीमत दिनुहुन्छ। हामीलाई थाहा छ– यिनमा त बाबाको प्रवेशता छ। नत्र प्रजापिता कहाँबाट आउने। ब्रह्मा त सूक्ष्मवतनवासी हुन्। प्रजापिता त यहाँ हुनुपर्छ नि। बाबा भन्नुहुन्छ– ब्रह्माद्वारा मैले स्थापना गर्छु। कसलाई? ब्राह्मणहरूलाई। यस ब्रह्मामा प्रवेश गर्छु। तिमी आत्माहरूले पनि शरीरमा प्रवेश गर्छौ नि। मलाई भनिन्छ ज्ञानको सागर। म निराकारले ज्ञान कसरी सुनाऊँ! कृष्णलाई त ज्ञानको सागर भनिदैन। कृष्णको आत्माले धेरै जन्मको अन्त्यमा ज्ञान लिएर फेरि कृष्ण बनेका हुन्, अहिले होइन। तिमीलाई थाहा छ– भगवानद्वारा राजयोग सिकेर देवी-देवताहरू स्वर्गको मालिक बनेका हुन्। बाबा भन्नुहुन्छ– कल्प-कल्प तिमीलाई राजयोग सिकाउँछु। पढाइद्वारा राजाई मिल्छ। तिमी राजाहरूको राजा बन्छौ। तिम्रो लक्ष्य-उद्देश्य नै यो हो। तिमी आएका छौ फेरि सूर्यवंशी देवी-देवता बन्नको लागि। एक देवी-देवता धर्मको स्थापना भइरहेको छ। अहिले त अनेकानेक धर्म छन्। अनेक गुरु छन्। ती सबै समाप्त हुन्छन्। यी सबै गुरुहरूका गुरु सद्गति दाता एक बाबा हुनुहुन्छ। साधुहरूको पनि सद्गति गर्न आएको छु। पछि गएर उनीहरू पनि तिम्रो अगाडि झुक्नेछन्, कल्प पहिले जसरी।

तिमी बच्चाहरूको बुद्धिमा ड्रामाको सारा रहस्य छ। जान्दछौ– सूक्ष्मवतनमा छन् ब्रह्मा, विष्णु, शंकर, यी हुन् प्रजापिता। बाबा भन्नुहुन्छ– ब्रह्माको वृद्ध तनमा प्रवेश गर्छु। यिनलाई पनि भन्छु– हे प्यारा बच्चाहरू! तिमीहरू सबै ब्राह्मण हौ, तिमीहरूमाथि कलष राख्छु। तिमीले यति जन्म लिएका छौ। यो समय हो नै रौरव नर्क, बाँकी त कुनै नदी छैन, जसलाई नर्क भनियोस्। गरुड पुराणमा त धेरै कुरा लेखिदिएका छन्। अहिले बाबा बच्चाहरूलाई बसेर सम्झाउनु हुन्छ। यिनले पनि त पढेका छन् नि। अहिले भोलानाथ बाबाले तिमी भोला बच्चाहरूलाई बसेर सम्झाउनु हुन्छ। गरिब भोला बच्चाहरूलाई फेरि उच्च भन्दा उच्च धनवान बनाउँछु। तिमीलाई थाहा छ– सूर्यवंशी मालिक बन्छौ। फेरि बिस्तारै बिस्तारै गिर्दै गिर्दै के बनेका छौ। कस्तो अद्भुत खेल छ! स्वर्गमा कति मालामाल थियौ। अहिले पनि राजाहरूका धेरै ठूला-ठूला महल छन्। जयपुरमा पनि छ। अहिले नै यस्ता-यस्ता महल छन् भने पहिला थाहा छैन कस्ता थिए होलान्। गभर्मेन्ट हाउस यस्तो बन्दैन। राजाहरूको महल बनाउने तरिका नै अलग छ। स्वर्गको नमुना हेर्नु छ भने जाऊ अजमेरमा। एउटा मोडेल बनाउन पनि मेहनत राम्रो गरेका छन्। हेरेर तिमीलाई कति खुशी हुन्छ। यहाँ त बाबाले झट्ट साक्षात्कार गराइदिनुहुन्छ। जे दिव्य दृष्टिद्वारा देख्छौ, त्यो फेरि तिमीले यथार्थमा देख्नु छ। भक्तिमार्गमा भक्तहरूलाई साक्षात्कार त हुन्छ तर उनीहरू कुनै वैकुण्ठको मालिक कहाँ बन्छन् र। तिमीहरू त यथार्थ मालिक बन्छौ। अहिले त हो नै नर्क। एक-आपसमा लडाइँ झगडा गरिरहन्छन्। छोराले पिताको, भाइको पनि हत्या गर्न बेर लगाउँदैनन्। सत्ययुगमा लडाइँ आदिको त कुनै कुरा नै हुँदैन। अहिलेको कमाइद्वारा तिमीले २१ जन्मको लागि पद पाउँछौ। त्यसैले कति खुशी हुनुपर्छ। मुख्य कुरा– यदि बाबाको परिचय र बाबाको जीवनीलाई जानेनन् भने बाँकी बाबा भन्नाले फाइदा नै के, यतिका दान पुण्य गर्छन् तैपनि भारतको यो हालत भएको छ। तर यो कसैले बुझेका छैनन्।भन्दछन्– भक्ति पछि भगवान मिल्छ। तर कहिले र कसलाई मिल्छ! भक्ति त सबैले गर्छन् तर सबैलाई रजाइँ त मिल्दैन। कति गुंजाइस छ बुझ्नको लागि।

तिमीले कसैलाई पनि भन्न सक्छौ, यो शास्त्र आदि सबै बिर्सिनुहोस्, जीवन छँदै मर्नुहोस्। ब्रह्म तत्त्व हो। त्यसबाट वर्सा त मिल्न सक्दैन। वर्सा त बाबाबाट नै मिल्छ। कल्प-कल्प हामीले लिन्छौं। कुनै नयाँ कुरा होइन। अब नाटक पूरा हुँदैछ। हामी शरीर छोडेर फर्केर घर जानु छ। जति याद गर्छौं, त्यति अन्त मति सो गति हुन्छ। यसलाई कयामतको समय भनिन्छ। पाप आत्माहरूको हिसाब-किताब चुक्ता हुनु छ। अब पुण्य आत्मा बन्नु छ, योगबलद्वारा। संसारलाई आगो लाग्नेछ। आत्माहरू फर्केर जान्छन्। एक धर्मको स्थापना हुन्छ अनि अनेक धर्म अवश्य फर्केर जान्छन्। शरीर कहाँ साथ लिएर जान्छौं र। कसैले भन्छन् मोक्ष मिलोस्। तर यो हुन कसरी सक्छ, जबकि ड्रामा बनिबनाउ हो, जुन सदैव चलि नै रहन्छ। यसको अन्त्य कहिल्यै हुँदैन। अनादि चक्र कसरी घुम्छ? त्यो रहस्य अहिले बाबा बसेर सम्झाउनु हुन्छ। यो सबै कुरा बुझाउनुपर्ने हुन्छ। जब धेरैले बुझ्न थाल्छन् फेरि वृद्धि हुन थाल्छ। यो तिम्रो धेरै उच्च धर्म हो, यसलाई चराले खान्छ। अरू धर्मलाई चराले खाँदैन। तिमी बच्चाहरूले यस दुनियाँमा कुनै सोख राख्नु हुँदैन– यो चिहान हो। पुरानो दुनियाँसँग के लगाव राख्नु छ। अमेरिकामा जो समझदार बच्चा छन्, उनीहरूले सम्झन्छन् कोही प्रेरक छ। मृत्यु सामुन्ने खडा छ। विनाश त हुनु नै छ। सबैको दिल त खाइ नै रहन्छ। ड्रामाको भावी यस्तो बनेको छ। शिवबाबा त दाता हुनुहुन्छ, उहाँको त कुनै आसक्ति छैन। निराकार हुनुहुन्छ। यो सबैथोक बच्चाहरूको हो। नयाँ दुनियाँ पनि बच्चाहरूकै लागि हो। विश्वको बादशाही हामीले स्थापना गरिरहेका छौं, हामीले नै राज्य गर्छौं। बाबा कति निष्कामी हुनुहुन्छ। तिमीले बाबालाई याद गर्छौं, अनि मात्र तिम्रो बुद्धिको ताला खुल्छ। तिमी डबल महादानी हौ। तन-मन-धन दिन्छौ, अविनाशी ज्ञान रत्न पनि दिन्छौ। शिवबाबालाई तिमीले के दिन्छौ? करनीघोरलाई दिन्छन् नि। ईश्वर समर्पणम् भन्छन्, ईश्वर भोको हुनुहुन्छ र? वा कृष्ण अर्पणम् गर्छन्। दुवैलाई भिखारी बनाइदिएका छन्। उहाँ त दाता हुनुहुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको यादप्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) पुरानो दुनियाँका कुनै पनि चीजमा लगाव राख्नु छैन। यस दुनियाँमा कुनै पनि कुराको सोख राख्नु हुँदैन किनकि यो चिहान हुँदैछ।

२) अब नाटक पूरा हुन्छ, हिसाब-किताब चुक्ता गरेर घर जानु छ। त्यसैले योगबलद्वारा पापहरूबाट मुक्त भएर पुण्य आत्मा बन्नु छ। डबल दानी बन्नु छ।

वरदानः– खुशीको खुराकद्वारा मन र बुद्धिलाई शक्तिशाली बनाउने , अचल अडोल भव

"वाह बाबा वाह र वाह मेरो भाग्य वाह!" सदा यही खुशीको गीत गाइराख। खुशी सबैभन्दा ठूलो खुराक हो, खुशीजस्तो अरू कुनै खुराक छैन। जसले सधैं खुशीको खुराक खान्छन्, उनीहरू सदा तन्दुरुस्त रहन्छन्। कहिल्यै कमजोर हुँदैनन्। त्यसैले खुशीको खुराकद्वारा मन र बुद्धिलाई शक्तिशाली बनाऊ, अनि स्थिति शक्तिशाली हुन्छ। यस्तो शक्तिशाली स्थिति हुनेहरू सधैं अचल अडोल रहन्छन्।

स्लोगनः– मन र बुद्धिलाई अनुभवको सिटमा सेट गरिदियौ भने कहिल्यै अपसेट हुँदैनौ।